मिति २०७६/०१/१६

३२ औं बैठक

आज मिति २०७६।०१।१६ गते सोमबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको अस्थायी सम्पर्क कार्यालय मेघेचौरमा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | श्री अर्जुन खडका | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

**निर्णय नं.(१)** जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गर्ने सम्बन्धमा छलफल गर्दा ८५ वर्ष पुरा गरेका वडा नं.१–८ सम्मका सबै वडामा बसोवास गर्ने सबै जेष्ठ नागरिकहरुको लागी सम्मान स्वरुप १।१ थान न्यानो कम्बल वितरण गर्ने निर्णय गरियो।

**निर्णय नं.(२)** गाउँ पालिका स्तरिय दलित उत्थान कार्यक्रम छनौट गर्नको लागी मिति २०७६।१।१८ गते गाउँपालिकामा गोष्ठी संचालन गर्ने, वडा वार सहभागी हुने दलित प्रतिनिधिहरुको नामावली वडा वार सिफारिस भै पठाउने निर्णय गरियो।

**निर्णय नं.(३)** कृषि मै फर्कि आउने कार्यक्रम अन्तर्गत मारो सहाउदा फलफूलका बिरुवा खरिद गरि वडा स्तरवार वडा नं.१,३,६,७ र ८ मा वितरण गर्ने निर्णय गरियो।

**निर्णय नं.(४)** कृषि मलबिउ खरिद बिबादी शिर्षकमा विनियोजन रु ७ लाख रकम बाट रु ५ लाख मात्रको धानको बिउ माग संकलन गरी वडा नं. १, २, ५, ६, ७ र ८ का कृषकहरुलाई धानको बिउ वितरण गर्ने निर्णय गरियो।

**निर्णय नं.(५)** यस गा.पा.का इन्जिनियर युधिष्ठिर के.सी.को संयोजकत्वमा रहेको समितिले कुपरिवेक्षण निरिक्षण गरि (घ, वर्गको इजाजत दिन मनासिव देखी सिफारिस गरेको तपसिल अनुसारका व्यवसायीलाई (घ, वर्गको इजाजत प्रदान गर्ने निर्णय गरियो।

तपसिल

१. पलसम इन्जिनियरिङ्, एण्ड कन्स्ट्रक्सन प्रा.लि. वैतेश्वर गा.पा. वडा नं. २
२. अपूर्व कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. वैतेश्वर गा.पा.२

**निर्णय नं.(६)** वैतेश्वर गाउँ पालिका अन्तरगत वडा नं.१–८ मा निर्माण भै दैनिक यातायात, सुचारु गर्ने तथा सडक संरक्षणको लागी लागी गा.पा. अध्यक्षको परामर्श, प्राविधिक प्रमुखको निर्देशन मा सडक हेरालु आवश्यकता बमोजिम २०७६ साल जेठ १ गतेबाट दैनिक ज्यालादारीमा काम लगाउने निर्णय गरियो।

निर्णय नं. (6) यस गाउँपालिकाबाट सूचना प्रकाशन भै पेश हुने टेण्डर फर्म हरु इत्यादिको कार्यमा लोको एवा समिति को बैठकमा, आमन्त्रित सदस्यको, वडा नं. ६ को वडा समिति सदस्य देव राज रजौलीलाई मनोनयन गर्ने निर्णय गरियो।